रंगको धब्बा हुन्छ र अलिक तल पखेटामा पुच्छर जस्तो सानो भाग निस्केको हुन्छ । साना लाभ्रेको रंग गाढा खैरो हुन्छ र शरिरमा कतै-कतै सेतो धब्बाहरु हुन्छन् । पूर्ण विकसित भएपछि लाभ्रेको रंग हरियो हुन्छ । यसको अगाडि पट्टि जुरो जस्तो उठेको हुन्छ र लम्बाई करिब ३.७ सेन्टिमिटर हुन्छ । टाउकोमा औंलाले थिच्दा दुईवटा सिङ निस्कन्छ । यसको माउ पुतली दिनमा सक्रिय हुन्छ । लाभ्रेहरुले विरुवाका कलिला पातहरु खान्छन् । धेरै लाभ्रेहरुले आक्रमण गरे भने विरुवा नाङ्गो देखिन्छ । यी कीराले विरुवाको नर्सरी अवस्थामा ज्यादा असर पुर्‍याउँदछन् ।



### व्यवस्थापन

नर्सरी अवस्थामा लाभ्रेहरु हातले टिपेर नष्ट गर्न सकिन्छ । ठूलो रुखहरुमा नियन्त्रण गर्न लाभ्रे देखिनासाथ मालाथियन २ मिलिलिटर प्रतिलिटर पानीमा मिसाएर छर्नु पर्दछ ।

## ७. पात खन्ने कीरा

वयस्क पुतली सानो सेतो रंगको हुन्छ । यसका अगाडिका पखेटामा खैरो धर्साहरु हुन्छन् र पछाडिका पखेटा सेता हुन्छन् । दुवै जोडा पखेटाको छेउमा लामा रौं जस्ता अङ्गहरु हुन्छन् । पखेटाका फैलावट करिब ६ मिलिमिटर हुन्छ । पूर्ण विकसित लाभ्रे सुलुक्क परेको हल्का हरियो-पहेंलो रंगको हुन्छ । पातमा बनाएका सुरुङभित्र यो (लाभ्रे) बसेको हुन्छ । लाभ्रेहरु कलिलो पात खोतलेर भित्र पस्छन् र सुरुङ बनाएर हरियो भाग खादै अगाडि बढ्दछन् । यिनले पातको माथिल्लो पत्र र तल्लो पत्र को बीचको हरियो भाग खान्छन् । लाभ्रेले यसरी खाईसकेको ठाउँ सेतो पातलो चम्कने कागज जस्तो देखिन्छ र पातमा बाङ्गा-टिङ्गा सुरुङहरु देखिन्छन् । यो कीरा लागेको पातहरु बटारिन्छन्, पहेंलिदै जान्छन् र कालान्तरमा झर्दछन् ।





### व्यवस्थापन

मसिना विरुवामा यो कीरा लागेका पातहरु टिपेर नष्ट गर्न सकिन्छ । ठूला विरुवामा रोकथामको लागि रोगर १.५-२ मिलिलिटर प्रतिलिटर पानीमा अथवा थायोडिन (३५%) झोल २ मिलि लिटर प्रतिलिटर पानीमा मिसाएर रुखमा छर्ने ।

## ८. खपटे कीरा

यो मझौला आकारको कीरा हो । यी विभिन्न रंगको हुन्छन्, जस्तैः हरियोमा निलो, कालो र तामा रंगका आदि । यसको मुखको प्रकृति चपाउने खालको हुन्छ । यसलाई छुने वित्तिकै मरेजस्तो गरी भुईंमा झरिहाल्छन् र केही बेरपछि उडेर जान्छ । यसको आक्रमण जुनार, सुन्तला, गुलाफ, तितेपाती र बनमारामा जेष्ठ-असार महिनामा बढी भएको पाइन्छ । वयस्क खपटेले कलिला फलका बोक्रा खोस्रेर खान्छ, खोस्रेको फल झर्छ, यदि बाँकी रह्यो भने त्यस्ता फलमा अरु रोग र कीराले आक्रमण गरी झार्दछ । पातलाई पनि खाएर प्वाल-प्वाल बनाउँदछन् ।



### व्यवस्थापन

बगैंचालाई सफा सुग्घर राख्ने । बगैंचामा भएका तितेपाती र वनमाराका बोट उखेली नष्ट गर्ने । यसको खुम्रे माटोमा वस्ने भएकोले बेसिनको माटो हलुका खनजोत गर्नाले खुम्रेहरु नासिन्छन् । यदि गुलाफको फूलबारीमा कीराको आक्रमण बढी भएको छ भने प्लाष्टिकको वाटामा पानी हाली त्यसमा थोरै मट्टीतेल मिसाउने र वाटालाई विरुवाको नजिक राखी हल्लाउने, हल्लाउँदा खपेटाहरु बाँटामा झर्छन् र मर्दछन् । मोनोक्रोटोफस वर्गका कुनै पनि कीटनाशक बिषादी २ मिलिलिटर प्रतिलिटर पानीमा मिसाई कीरा देख्नासाथ छर्ने ।


**थप जानकारीका लागिः**

नेपाल सरकार
नेपाल कृषि अनुसन्धान परिषद्
**कृषि अनुसन्धान केन्द्र (बागवानी)**
किमुगाउँ, दैलेख

फोन/फ्याक्स नं. ०८९-४२०१५६
ईमेलः arsdailekh@hotmail.com,
URL: www.narc.gov.np


# सुन्तलाजात फलफूलका प्रमुख कीराहरु र व्यवस्थापन सम्बन्धी संक्षिप्त जानकारी










लेखक
वसन्त चालिसे, बरिष्ठ वैज्ञानिक
डा. बुलबहादुर पुन, बरिष्ठ वैज्ञानिक



नेपाल सरकार
नेपाल कृषि अनुसन्धान परिषद्
**कृषि अनुसन्धान केन्द्र (बागवानी)**
किमुगाउँ, दैलेख
२०७१

## परिचय

नेपालमा पुर्वाञ्चल विकास क्षेत्रदेखि सुदुर-पश्चिमाञ्चल विकास क्षेत्रसम्मको समुद्र सतहदेखि करिब ७०० मिटरदेखि १,४०० मिटरसम्मको उचाईमा सुन्तलाजात फलफूल खेती गरिन्छ । नेपालको मध्य-पहाडको यो सबैभन्दा महत्त्वपूर्ण फलफूल हो । नेपालमा सुन्तलाजात फलफूल खेती मध्ये सुन्तलाले सबैभन्दा बढि भू-भाग ओगटेको छ भने त्यसपछि क्रमश: कागती, जुनार र निबुवाले ओगटेको छ । नेपालमा हाल करिब ३७,५६५ हेक्टर क्षेत्रफलमा सुन्तलाजात फलफूलको खेती गरिन्छ । वर्तमान अवस्थामा सुन्तलाजात फलफूलको उत्पादनशील क्षेत्र २४,०८९ हेक्टर, जम्मा उत्पादन २,४०,७९३ मे.टन तथा उत्पादकत्व १० मे. टन प्रतिहेक्टर रहेको छ । नेपालमा व्यवसायिक सुन्तलाजात फलफूल खेतीका लागि विभिन्न समस्याहरु मध्ये कीरा पनि एक हो । सुन्तलाजात फलफूलमा देखिएका प्रमुख कीराहरु तथा तिनीहरुको व्यवस्थापन सम्बन्धी संक्षिप्त जानकारी यस प्रकार छ ।

### १. कत्ले कीरा





सुन्तलाजात फलफूलमा लाग्ने कत्ले कीरालाई दुई भागमा बाँढ्न सकिन्छ । एउटाको शरीरिक बनौट कडा हुन्छ र अर्काको नरम हुन्छ । यिनमा कुनै गोला र कुनै अलि लाम्चा हुन्छन् । शरीरको रंग कुनैको खैरो, कुनैको प्याजी वा हरियो हुन्छ । यिनीहरु हिडडुल नगरी एकै ठाउंमा बसिरहन्छन् । रुखको डाँठमा कीरा लागे पछि हत्तपत्त चिन्न सकिँदैन किनकि यिनको रंग पनि रुखको बोक्रसँग मिल्दोजुल्दो हुन्छ । यी कीराको संख्या अलि बढी भएमा पात र डाँठमा थोप्ला-थोप्ला देखिन्छन् । यस कीराका बच्चा र वयस्क दुबैले विरुवाको पात, डाँठ, तथा फलबाट रस चुस्दछन् । कत्ले कीराको बिष्टमा मह जस्तो गुलियो पदार्थ हुन्छ जसमा कालो ढुसी रोग लाग्दछ । रोगी बोटको पात पहेंलिएर झर्छन्, बोटमा फल कम लाग्छ र लागेका फल पनि झर्न थाल्दछन् ।

#### व्यवस्थापन

खनिज तेल (एट्सो) १० मिलिलिटर र रोगर १.५ मिलिलिटर प्रतिलिटर पानीमा एकैठाउँ मिसाई फूल फुल्नु भन्दा पहिले अर्थात माघ-फाल्गुण महिनामा र दोश्रो पटक जेष्ठको पहिलो हप्तामा पुरै बोट भिज्ने गरी छर्नु पर्दछ ।

### २. फलमा लाग्ने औंशा कीरा



यो एक प्रकारको झिंगा हो । यसलाई Chinese citrus fly पनि भनिन्छ र यसको बैज्ञानिक नाम *Bactrocera minax* हो । यसलाई कुनै पनि फेरोमेन trap ले आकर्षण गर्दैन । यो एक किसिमको वारुलो जस्तो देखिन्छ । शरीरको रंग रातो र पहेंलो मिसिएको हुन्छ । पखेटा पारदर्शक हुन्छ । पखेटाको टुप्पोमा केही कालो रंगका गोप्ला हुन्छन् । चैत्र-बैशाखमा तापक्रम बढ्न थालेपछि माटोमुनि भएका लार्भाबाट प्रौढ अबस्थाको झिंगा निस्कन थाल्छ । कीरा लागेको फल काटेर हेरेमा यसको लार्भा क्रिम कलरको (सेतो) देखिन्छ । लार्भाको मुखमा कालो रंगको सिरिञ्ज जस्तो जिब्रो हुन्छ र यसै अंगले फलको रसिलो भाग चुसेर खाने गर्दछ । लार्भाको टाउको तथा पुच्छरको भाग तिखारिएको हुन्छ । लार्भाको खुट्टा हुँदैनन् जसलाई म्यागोट भनिन्छ ।

#### व्यवस्थापन

कीरा लागेर पहेंलिएर झरेका फलहरु जम्मा गरी नष्ट गर्ने । बगैचामा बोटमुनि कार्तिकदेखि माघसम्म माटोमा मालाथियन नामको धुलो बिषादी छरी राम्रोसँग खनेर मिलाउने । पानी पर्ने हुनाले बैशाखदेखि साउनसम्म बगैचामा बिषादी छर्न कठिन हुन्छ । पोथीलाई अण्डापार्ने बेलामा प्रोटिनको आवश्यकता हुने हुदा प्रोटिन बेट प्रयोग गरी पोथीलाई मार्ने । बगैचा सरसफाईमा बिशेष ध्यान दिने । समय-समयमा बोट प्रुनिङ्ग गरी सूर्यको प्रकाश सबैतिर पुग्नसक्ने बनाउने ।

### ३. सिट्रस सिल्ला



यो खैरो वा कालो रंगको चुस्ने खालको कीरा हो । यो कीराले चुसेर भन्दा पनि सुन्तलाजात फलफूलमा ग्रिनिङ्ग नामक ब्याक्टेरियल रोग सार्दछ जसको कारण बगैंचा ह्रास हुदै जान्छ । यो रोगलाई आजकाल ह्वाङ्लोङ्बिङ् नामले चिनिन्छ । सुन्तला वर्गका सवै प्रजातीहरुमा सिट्रस सिल्लाले रोग सार्दछ । खासगरी समुद्र सतहदेखि १,००० मिटर भन्दा मुनिका क्षेत्रहरुमा कीराको बिगबिगी बढी पाईन्छ, त्यसैकारण सुन्तलाजात फलफूलको नर्सरी १,००० मिटर भन्दा माथिको उचाईमा राख्नु पर्दछ ।

#### व्यवस्थापन

कीरा देखिनासाथ रोगर १.५ मिलिलिटर प्रतिलिटर पानीमा मिसाई १० दिनको फरकमा छर्दै जानु पर्दछ ।

### ४. पतेरो



यो चेप्टो खालको हरियो वा पहेंलोमा कालो थोप्ला भएको कीरा हो । यो ठूलो आकारको हुन्छ । यसको पींठमा दुईतिर कडा काँडादार आकृतिहरु हुन्छन् । यस कीराका माउँ र बच्चा दुबैले सुन्तलाका कलिला तथा छिप्पिएका फलहरुबाट रस चुसी फलहरु छिप्पिन नपाउँदै बोटबाट झर्दछन् । यसको आक्रमण साउन, भदौ र असोजमा महिनामा बढी भएको पाइन्छ ।

#### व्यवस्थापन

रोगर १.५ मिलिलिटर प्रतिलिटर पानीमा मिसाई कीरा देखिनासाथ १० दिनको फरकमा २-३ पटक छर्ने ।

### ५. काण्डको गवारो

पहेंलो रंगका लाभ्रेहरु विरुवाको हाँगाभित्र पसेर सुरुङ बनाएर गुदी खान थाल्छन्, फलस्वरुप हाँगाहरु सुक्दै जान्छन् । कीरा लागेको हाँगामा बाहिरबाट हेर्दा ठाउँ ठाउँमा प्वालहरु देखिन्छन् जसमा कीराको बिष्ट र पानी बगेको पाइन्छ । कतैकतै खोटो निस्केको पनि पाइन्छ ।

#### व्यवस्थापन



कीरा लागेको मसिना हाँगालाई काटेर तिनमा रहेका लाभ्रेहरुलाई नष्ट गर्नुपर्छ । यदि ठूलो हाँगामा कीरा लागेको छ भने त्यसले बनाएको प्वाल पत्ता लगाई त्यसमा सिरिन्जको मद्दतले पेट्रोल, मट्टीतेल अथवा किटनाशक विषादी ३-५ मिलिलिटर भित्र हालिदिनुपर्छ र सो प्वाल गिलो माटोले टालिदिनु पर्छ । कीराको प्वालमा लामो तार घुसाएर भित्र रहेको लाभ्रेहरु मार्न पनि सकिन्छ । विरुवाको वेसिन क्षेत्र (०.५ मिटर व्यास) को माटो मालाथियन १००-१५० ग्राम प्रति बोटको दरले ६-८ सेन्टिमिटर गहिराईसम्म उपचार गर्ने ।

### ६. सुन्तलाको पुतलीको लार्भा



यो पुतली ठूलो हुन्छ, यसको पखेटाको फैलावट ५-६ सेन्टिमिटर हुन्छ । पखेटाहरु रङ्गी-चङ्गी (पहेंला र काला धब्वाले सिंगारिएका) हुन्छन् । यसका प्रत्येक पछिल्ला पखेटाका तल्लो भागमा रातो